# मनराशिसवा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी, मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नं.:

मिति २०८१।०४।०२

सूचना सूचना सूचना

विषय : सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका भित्र स्थायी बसोबास गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको आ.व.२०८१।०८२ मा सामाजिक सुरक्षा भत्ता निरन्तरताका लागी राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य रहेको हुनाले सम्बन्धित लाभग्राही स्वयम आ-आफ्नो वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण यही मिति २०८१ भाद्र मसान्त भित्रमा गर्न गराउन हुन सम्पुर्ण सरोकारवालामा सूचित गरिन्छ। उक्त अवधि भित्र नविकरण नगरेमा लाभग्राही सूचीबाट स्वत नाम कट्टा भई जाने व्यहोरा समेत अनुरोध छ।

<u>नविकरणका लागी आवश्यक पर्ने कागजातहरु</u>

१।सामाजिक सुरक्षा भत्ता परिचयपत्रको छाँया काँपी
२।नागरिकता प्रमाणपत्रको छाँया काँपी , बालबालिकाको हकमा जन्म दर्ता छाँया काँपी
३।राष्ट्रिय परिचयपत्र नम्बर
४।बसाई सरी आएको हकमा बसाई सराई दर्ता प्रमाणपत्रको छाँया काँपी
५।६० वर्ष माथीका एकल महिला (बिधवा)को हकमा पतिको मृत्यु दर्ता छाँया काँपी
६।६० वर्ष मुनीका बिधवा को हकमा पतिको मृत्यु दर्ता छाँया काँपी र अर्को विवाह नगरेको सिफारिस
७।६० वर्ष माथीका एकल महिला (अविवाहित) को हकमा अविवाहित सिफारिस
८।अपांगता भएका व्यक्तिको हकमा प्रचलित कानुन बमोजिम जारी भएको अपांगता परिचयपत्रको छाँया काँपी
९।हालसालै खिचेको पासपोर्ट साईजको फोटो एक प्रति

<u>बोधार्थ</u>

श्री वडा कार्यालय (१-१०): लाभग्राहीहरुमा जानकारी गराई सूचना बमोजिम गर्न गराउनु हुन ।
श्री सूचना प्रविधि शाखा : नगरपालिकाको website तथा सामाजिक संजालमा upload गरी दिनु हुन ।

२०८१।०४।०२

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, कृषि र पुर्वधार: मनराशिसवा नगरपालिका समृद्धिको आधार"

Website: www.manarashiswamun.gov.np E-mail: manarasishwamun.gov@gmail.com